website:www.besishaharmun.gov.np
mail: info@besishaharmun.gov.np
eo@info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (प्रशासन शाखा)

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न., , ०६६-५२०१५०

पत्र संख्या. ०७६/७७
च.नं. ५६६

मिति : २०७६/०५/२५

विषय :- सूचना सम्वन्धमा ।

श्री वडा कार्यालय सवै,
बेसीशहर नगरपालिका ।

प्रस्तुत विषयमा भौतिक पुर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेशको च.नं.३२० मिति २०७६/०५/२३ को यसैसाथ संलग्न पत्रबाट व्यहोरा अवगत गरि सोअनुसारको जानकारी यस नगरपालिकामा उपलव्ध गराईदिनुहुन अनुरोध छ ।

वोधार्थ :
श्री सुचना प्रविधि शाखा : सुचना अपलोड गर्नुहुन ।

..............................
मोहनप्रसाद मरासिनी
प्रमुख प्रशासकिय अधिकृत

मोहनप्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन नं. ०६१-४६५५३६
०६१-४६५५५६
ईमेल:mopid.pokhara@gmail.com

प.सं. : २०७६/०७७
च.नं. २२०

बेसीशहर न.पा.
दर्ता नं.:
दर्ता मिति:

मिति :२०७६/०५/२३

विषयः सूचना सम्बन्धमा।

श्री स्थानीय तह (८५वटा) सबै,
गण्डकी प्रदेश,नेपाल ।

प्रस्तुत विषयमा सवारी प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप दर्ता गरेर मात्र संचालन गर्ने सम्वन्धी सूचना यसै साथ संलग्न गरि पठाइएको छ ।सो सम्बन्धमा दर्ता तथा नविकरण नगरि सवारी प्रशिक्षण केन्द्र तथा बस, ट्रक, बडी निर्माण गर्ने कारखाना वा अटोमोवाइल वर्कशप संचालनमा रहेको भए आवश्यक जानकारी सहित सूचना गरी सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध गरिन्छ ।

मुना अधिकारी
अधिकृत (सातौं)

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन नं. ०६१-४६५५३६
०६१-४६५५५६
ईमेलःmopid.pokhara@gmail.com

प.सं. : २०७६/०७७
च.नं.

मिति :२०७६/०५/२३

# सूचना !  सूचना !!  सूचना !!!

**विषयः सवारी प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कशप दर्ता गरेर मात्र संचालन गर्ने सम्बन्धमा।**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५९ मा प्रशिक्षण केन्द्र कारखाना तथा वर्कशप सञ्चालन गर्न अनुमति लिनुपर्ने व्यवस्था अनुरुप गण्डकी प्रदेश भित्र कुनै पनि किसिमको सवारी प्रशिक्षण केन्द्र संचालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सवारी प्रशिक्षण केन्द्र संचालन निर्देशिका,२०७४ र बस, ट्रक, बडी निर्माण गर्ने कारखाना वा अटोमोवाइल वर्कशप संचालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कारखाना वर्कशप संचालन निर्देशिका,२०७४ बमोजिम मापदण्ड पुर्याइ यस प्रदेश अन्तर्गत तोकिएका यातायात व्यवस्था कार्यालयमा दर्ता तथा नविकरण गरेर मात्र संचालन गर्न अन्यथा कानून बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।